नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
रानी जमरा कुलरिया सिंचाई आयोजना
कृषि कार्यक्रम कार्यान्वयन एकाई, टीकापुर, कैलाली

फोन नं. ०९१-५६१४१५
rjkis2ndagriculture@gmail.com

नेपाल सरकार कृषि तथा पशुपन्छी विकास मन्त्रालय कृषि विभाग रानी जमरा कुलरिया सिंचाई आयोजना कृषि कार्यक्रम कार्यान्वयन एकाई टीकापुर, कैलाली २०६६

## आवेदन पेशगर्ने सम्बन्धि सूचना

सूचना नं.: २०/२०८१/८२
सूचना प्रकाशित मिति : २०८१/१२/१३

रानी जमरा कुलरिया सिंचाई आयोजना, कृषि कार्याक्रम कार्यान्वयन एकाई, टीकापुर, कैलालीको आ.व. २०८१/८२ को बार्षिक स्वीकृत कार्यक्रम अनुसार **"पशु पालनको नश्ल सुधार तथा रोग ब्यवस्थापन सहयोग कार्यक्रम (१००% अनुदान सहयोग)"** अन्तरगत तपशिलका कार्यक्रम सञ्चालन गरिने भएकोले कार्यक्रममा सहभागि हुन ईच्छुक बाख्रापालन ब्यवसायसंग सम्बन्धित नीजि फार्म/बाख्रापालन समुह/सहकारीले आवश्यक कागजात सहित यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन (२०८१/१२/२७ गते कार्यालय समय) भित्र यस आयोजनाको कार्यालय, टीकापुर, कैलालीमा आवेदन पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । रित नपुगेका आवेदनहरु मुल्याङ्कनमा समावेश गरिनेछैन।

**तपशील:**

| क्र.सं. | अनुदान सहयोग कार्यक्रमको नाम | ईकाई | स्कीम संख्या | आवेदक |
|---|---|---|---|---|
| १. | पशुपालनको नश्ल सुधार तथा रोग ब्यवस्थापन सहयोग कार्यक्रम (१००% अनुदान सहयोग) | | | |
| क) | प्रजननको लागि उन्नतजातको बोका (बोयरक्रस, जमुनापारी, बारवेरी आदि जातको) सहयोग | संख्या | १५(पन्ध्र) | बाख्रापालक फर्म/समुह/ कृषि सहकारी |
| पुनश्चः फर्ममा कम्तिमा २५ वटा माउ बाख्रा पालन गरिरहेको तथा समुहमा कम्तिमा २०० बाख्रा पालन गरिरहेको र कुन कुन कृषक सदस्यले कतिवटा संख्यामा पालन गरिरहेको छ सोको बिवरण सहित खुलाउनुपर्नेछ ।साथै विगत वर्षमा प्राप्त नगरेका लाभग्राहीहरुलाइ छनौट प्रकृयामा प्राथमिकता दिईनेछ । | | | | |

**आवश्यक कागजातहरु:**

१. रु १० को हुलाक टिकट टाँस गरेको आवेदन फारम
२. नेपाली नागरिकताको प्रमाण-पत्रको प्रतिलिपि
३. पशुपंक्षीसंग सम्बन्धित नीजि फर्म/समुह/सहकारी दर्ता/नबिकरण/करचुक्ताको प्रमाण पत्रको प्रतिलिपि
४. सम्बन्धित कुलो समितिको सिफारिस पत्र
५. समुह/सहकारीकोहकमा कार्यक्रम मागगर्ने, कृषक सदस्यले पालन गरिरहेको बाख्रा संख्या खुल्ने बिवरण तथा बोका प्राप्ति पंश्चात पालन गर्ने कृषक सदस्य तोकिएको समुहको निर्णयको प्रतिलिपि

थप जानकारी चाहिएमा आयोजनाको कार्यालयमा सम्पर्क राख्नुहोला

भरतप्रसाद कँडेल
आयोजना कोअर्डिनेटर

CamScanner

भरतप्रसाद कंडेल
आयोजना कोअर्डिनेटर

श्रीमान आयोजना कोअर्डिनेटर ज्यू
रानी जमरा कुलरिया सिंचाई आयोजना
कृषि कार्यक्रम कार्यान्वयन एकाई, टिकापुर, कैलाली

**बिषयः प्रजननको लागि उन्नत जातको बोका सहयोग उपलब्ध गराइ पाँउ बारे ।**

उपरोक्त सम्बन्धमा तहाँ आयोजनाको मिति २०८१/१२/१३ गतेको प्रकाशित सूचना अनुसार मेरो/हाम्रो ................................................................................ बाख्रा फर्म/समुह/सहकारीको तर्फबाट प्रजननको लागि उन्नत जातको बोका सहयोग कार्यक्रममा समावेश हुन ईच्छुक रहेको हुंदा उक्त कार्यक्रममा समावेश गराइ पाँउ भनि तपशील अनुसारका कागजातहरु संलग्न राखि यो निवेदन पेश गरेको छु/छौ । उक्त कार्यक्रम प्राप्त गरेमा कार्यक्रमको मापदण्ड विपरित गरेको पाइएमा प्रचलित नियम बमोजिम कारवाहीको भागेदारि हुन मन्जुर रहेको ब्यहोरा समेत अनुरोध गर्दछु/गर्दछौं ।

| फर्म/समुह/सहकारीको नाम | ठेगाना | फर्म/समुह/सहकारीमा रहेको बाख्रा संख्या | फर्म/समुह/सहकारीआसपासका लाभाम्वित हुने अनुमानित कृषक परिवार संख्या |
|---|---|---|---|
| | | माउः<br>पाठापाठीः<br>प्रजननको बोकाः<br>खसि/बोकाः | |

तपशीलः

१. रु.१० को हुलाक टिकट टाँस गरेको आवेदन फाराम
२. नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि
३. फर्म/समुह/सहकारी दर्ता/नविकरण/करचुक्ता/समुहको निर्णयको प्रतिलिपि
४. सम्बन्धित कुलो समितिको सिफारिस पत्र

निवेदक
दस्तखतः
नामथरः
पदः
सम्पर्क नं.
फर्म/समुह/सहकारीको छापः मितिः

CamScanner